जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १५७ २०८२ साल माघ ७ गते बुधबार (21 Jan 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : रणनीतिक महत्वको… ३ पृष्ठमा : अन्तरिम सरकारका चार मन्त्री … ३ पृष्ठमा :आसियानले म्यान्मा चुनावलाई…

# सप्तरीको चारै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण ढंगले उम्मेदवारी दर्ता



आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि सप्तरीको चारवटै क्षेत्रमा मंगलबार उम्मेदवारी दर्ता गराउँदै विभिन्न पार्टीका उम्मेदवारहरु । *तस्बिरहरु : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मंगलबार सप्तरीमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले उत्साहपूर्वक उम्मेदवारी दर्ता गराएका छन् ।

चारवटा निर्वाचन क्षेत्र रहेको सप्तरी क्षेत्र नं. १ को कञ्चनरुप नगरपालिका, क्षेत्र नं. २ को राजविराज नगरपालिका, क्षेत्र नं. ३ को शम्भुनाथ नगरपालिका र क्षेत्र नं. ४ को खडक नगरपालिकास्थित निर्वाचन कार्यालयमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरुले उम्मेदवारी दर्ता गराएका हुन् ।

क्षेत्र नं. १ बाट नेपाली काँग्रेसका रामदेव साह, नेकपा एमालेका सुमनराज प्याकुरेल, नेपाली कम्युनिष्ट पार्टीका सागर कुमार चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीका पुष्पा चौधरी, स्वाभिमान पार्टीका सुमित कुमार साह, जनमत पार्टीका डा. जयकान्त राउत, जसपा नेपालका श्याम सुन्दर सरदार, उज्यालो नेपाल पार्टी हर्ख नारायण चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टीका सत्यजित कुमार झा, नेपाल जनता पार्टीका दिपेन्द्र प्रसाद यादव, नेपाल जनता संरक्षण पार्टीका खेमराज जैशी, नागरिक उन्मुक्ति पार्टीबाट टिकालक्ष्मी चौधरी, राष्ट्रिय एकता दलका शम्भु प्रसाद देव, स्वतन्त्रबाट संजय कुमार शर्मा, उम्दादेवी सदा, जगदेव सदा, रिजवाना खातुन लगायतले उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै क्षेत्र नं. २ मा नेपाली काँग्रेसबाट जिल्ला उपसभापति रामकुमार यादव, नेकपा एमालेबाट मो.जियाउल रहमान, नेपाली कम्युनिष्ट पार्टीबाट सुर्यनाथ यादव, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, जसपा नेपालबाट उमेशकुमार यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट रामजी यादव, स्वाभिमान पार्टीबाट सतिशकुमार सिंह, नेपाल जनता पार्टीबाट रञ्जु ठाकुर, जनता लोकतान्त्रिक पार्टीबाट बलराम प्रसाद यादव, उज्यालो नेपाल पार्टीबाट दिपक चौधरी, नेपाल मजदुर किसान पार्टीबाट निलमकुमारी यादव, आमजनता पार्टीबाट सुनिलराज दास, नेपाल संघीय समाजवादी पार्टीबाट राजकुमार मंडल, स्वतन्त्रबाट प्रेमकुमार यादव लगायतले उम्मेदवारी दिएका छन् ।

क्षेत्र नं. ३ बाट नेपाली काँग्रेसका दिनेश कुमार यादव, नेकपा एमालेका ताराकान्त चौधरी, नेपाली कम्युनिष्ट पार्टीका अरुणकुमार साह, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, रास्वपाका अमरकान्त चौधरी, जनमत पार्टीबाट सुरेन्द्र शर्मा मधेशी, उज्यालो नेपाल पार्टीका परमेश्वर प्रसाद साहु, नेपाल मजदुर किसान पार्टीका प्रभु प्रसाद साह, राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्देश्वर प्रसाद साह, राष्ट्रिय मुक्ति पार्टीका गजेन्द्र कुमार मण्डल, आम जनता पार्टीका धनिकलाल चौधरी, बहुजन एकता पार्टी नेपालका महादेव राम, नेपाल जनता पार्टीका सन्तोष कुमार चमन, स्वतन्त्र उम्मेदवार कोशिला देवी पासमान, हरिनाराण पासमान, रजिया देवी यादव, सरिता कुमारी यादव, प्रभुनाराण चौधरी, दुवीलाल यादव लगायतले उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै क्षेत्र नं. ४ बाट नेपाली काँग्रेसका तेजुलाल चौधरी, नेकपा एमालेका बालकृष्ण चौधरी, नेपाली कम्युनिष्ट पार्टीका रुबी कर्ण, जसपा नेपालबाट डा. बवी सिंह यादव, रास्वपाका सिताराम साह, नेपाल जनता पार्टीका कोशल किशोर दास, उज्यालो नेपाल पार्टीका विसो कुमार यादव, नेपाल मजदुर किसान पार्टीका रामनारायण साह, स्वतन्त्रबाट सन्तोष प्रसाद सिंह र सुनिल कुमार यादव सहितकाले उम्मेदवारी दिएको राजविराजस्थित मुख्य निर्वाचन अधिकृत कार्यालयले जनाएको छ ।

प्रत्यक्ष तर्फ ४ पदका लागि हुने निर्वाचनका लागि शान्तिपुर्ण र उत्साहजन रुपमा ठुलो संख्यामा उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृत किशोर घिमिरेले जानकारी दिए । सबै निर्वाचन अधिकृतको कार्यालय गेट भित्र लाईनमा लागि सेकेका उम्मेदवारहरुको उम्मेदवारी दर्ता गर्ने कार्य भईरहेकोले मंगलबार राती अबेरसम्म सबै तथ्याङ्क आउने उनले बताए ।

प्रतिनिधिसभा निर्वाचनका लागि जिल्लाभर २ सय ९६ मतदान स्थल कायम गरिएको छ । जिल्ला निर्वाचन कार्यालय सप्तरीका अनुसार चारवटै निर्वाचन क्षेत्रमा गरी २ सय ९६ मतदान स्थल र ५ सय ६२ मतदान केन्द्र तोकिएको हो ।

निर्वाचन क्षेत्र नं. १ मा ८० मतदान स्थल र १ सय ५२ मतदान केन्द्र कायम गरिएको छ । यस्तै निर्वाचन क्षेत्र नम्बर २ मा ६८ मतदान स्थल र १ सय ३० मतदान केन्द्र, निर्वाचन क्षेत्र नम्बर ३ मा ७४ मतदान स्थल र १ सय ४४ मतदान केन्द्र तथा निर्वाचन क्षेत्र नं. ४ मा पनि ७४ मतदान स्थल र १ सय ३६ मतदान केन्द्र निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जानकारी दिए ।

जिल्लामा कुल ४ लाख ४६ हजार ४ सय २ मतदाता रहेको उक्त कार्यालयले जनाएको छ । ती मध्ये पुरुष मतदाता २ लाख ३३ हजार ९६, महिला मतदाता २ लाख १३ हजार २ सय ८३ तथा अन्य २३ जना रहेका छन् ।

मतदाताको सहज सहभागिता सुनिश्चित गर्न मतदान स्थल तथा केन्द्रको व्यवस्थापन प्रभावकारी बनाइएको जोशीले बताए । निर्वाचन शान्तिपूर्ण ढंगले सम्पन्न गराउन ४ हजार २ सय २२ निर्वाचन प्रहरीको छनौट समेत भइरहेको छ ।

**स्तन क्यान्सरका लक्षण**

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरून्तै परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मुलुकले सक्षम नेतृत्वसहित निकास पाओस्

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको मनोनयनपत्र दर्तासँगै चुनावी गतिबिधी ह्वातै बढेको छ। अहिले जतातत‌ै चुनावी चर्चाले माहौल तताएको छ। बिहानको चिया गफ पनि चुनावी चर्चाबाटै सुरु हुन्छ। बदलिएको परिस्थिति तथा निर्धारित समयभन्दा एक वर्ष अगावै हुन लागेको प्रतिनिधिसभाको निर्वाचनमा यस पल्ट पुराना राजनीतिक दलले आफ्नो साख र विरासत जोगाउला की नयाँ दलहरुले बाजी मार्ला ? भन्ने विषय सर्वाधिक चासोको विषय बन्न थालेको छ। अहिलेको निर्वाचन मुलुक भित्र मात्र होइन मुलुक बाहिर पनि चर्चा र चासोको विषय बनेको छ।

विशेष गरि जेन्जी आन्दोलनपछी नयाँ परिस्थितिमा हुन लागेको यो निर्वाचनले पुराना दल र तीनका नेतृत्वकर्तालाई फेरी अवसर दिने वा नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने हो ? त्यो भने मतदाताकै हातमा छ। यसका लागि फागुन २१ सम्म कुर्नुको विकल्प पनि छैन्।

समग्रमा आगामी निर्वाचन शान्तिपूर्ण ढंगले सम्पन्न होस् देशले सक्षम नेतृत्व प्राप्त गरोस् यसतर्फ सबै नागरिकले आ-आफ्नो क्षेत्रबाट इमान्दार प्रयास गर्नु जरुरी छ।

# रणनीतिक महत्वको च्याम्ताङ-घोङघप्पा सडक निर्माण नेपाली सेनाबाट

**संगीता राई**

सुनसरी, ६ माघ (रासस)।

भिरालो पहाड र कडा चट्टानबीच नेपाली सेनाले च्याम्ताङ-घोङघप्पा सडक निर्माणको काम द्रुतगतिमा गरिरहेको छ। विस्फोट र डोजरको गर्जनबीच खुल्दै गएको 'ट्र्याक'ले दुर्गम सङ्खुवासभाका बासिन्दालाई केवल आवागमनको सुविधा मात्र होइन, स्वास्थ्य, शिक्षा, व्यापार र स्थानीय जीवनमा पहुँच विस्तार गर्ने नयाँ ढोका खोल्दैछ। भिरालो भू-भाग, ठूला ढुङ्गा र जोखिमपूर्ण पहाडी संरचनाबीच निर्माण भइरहेको यस सडकले दुर्गम क्षेत्रका नागरिकको दैनिकीमा प्रत्यक्ष परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

यो सडक अब केवल आवागमनको साधन मात्र नभई सीमा सुरक्षा, राष्ट्रिय स्वाधीनता, भौगोलिक पहुँच विस्तार र भविष्यको समग्र विकाससँग जोडिएको अत्यन्तै रणनीतिक महत्वको परियोजना बन्नेछ। यो सडकले उत्तर-दक्षिण राजमार्गका रूपमा चीन र भारतसँगको भौतिक सम्पर्कमा पनि योगदान पुऱ्याउने भएकाले राष्ट्रिय सुरक्षा र क्षेत्रीय समन्वयको दृष्टिले समेत अत्यन्तै महत्वपूर्ण मानिएको छ।

कोशी करिडोरअन्तर्गत पर्ने खाँदबारी-किमाथाङ्का सडकको च्याम्ताङ-घोङघप्पा खण्डमा हाल नेपाली सेनाले कठिन परिस्थितिका बाबजुद निरन्तर रूपमा निर्माण कार्य अघि बढाइरहेको छ। कडा भू-बनोट, ठूला चट्टानी संरचना, भिरालो पहाड र जोखिमपूर्ण भौगोलिक अवस्थाबीच विस्फोट ( ब्लाष्टिङ), डोजर तथा भारी मेसिनरीको प्रयोग गर्दै सडकको ट्र्याक निर्माण र स्तरोन्नतिको काम भइरहेको सेनाले जनाएको छ।

खाँदबारी-किमाथाङ्का सडकअन्तर्गत च्याम्ताङ-घोङघप्पा खण्डको १० दशमलव ५१ किलोमिटर लामो ट्र्याक निर्माण कार्यको जिम्मेवारी मन्त्रिपरिषद्को निर्णयअनुसार २०७६ भदौ २२ गते नेपाली सेनालाई प्रदान गरिएको सैनिक प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले बताउनुभयो। उहाँका अनुसार सो खण्डको कुल लम्बाइ १० दशमलव ५१ किलोमिटर र चौडाइ नौ मिटर रहेको छ। ट्र्याक खोल्ने प्रारम्भिक लागत अनुमान रु ६२ करोड ९० लाख रहेको छ, जसमा कडा चट्टान फुटाउने, ब्लाष्टिङ, ढुङ्गा हटाउने तथा ट्र्याक मिलाउने कार्यहरू रहेका छन्।

आर्थिक वर्ष २०७७ सालदेशि सुरु भएको निर्माण कार्यअन्तर्गत गत आर्थिक वर्ष २०८१/८२ मा नयाँ ट्र्याक खोल्ने काम सम्पन्न भइसकेको छ। चालु आव २०८२/८३ मा चार दशमलव ३१ किलोमिटर सडक स्तरोन्नति गरी आवश्यक मापदण्ड पूरा गरेर सडक विभागलाई हस्तान्तरण गरिने प्रवक्ता बस्नेतले बताउनुभयो।

सेनाका अनुसार उक्त सडक कडा चट्टान, साँघुरो भिर, जोखिमपूर्ण भू-बनोट र प्राकृतिक चुनौतीका कारण निर्माण गर्न अत्यन्तै कठिन रहेको छ। सैनिक प्रवक्ता बस्नेतले भन्नुभयो, "कोशी करिडोरअन्तर्गत खाँदबारी-किमाथाङ्का सडक उत्तर दक्षिण राजमार्गका रूपमा विकास हुँदैछ। च्याम्ताङ-घोङघप्पा खण्ड उत्तरतर्फ चीन र दक्षिणतर्फ भारतसँग जोडिने भएकाले यसको रणनीतिक महत्व अत्यन्तै उच्च छ।" सडक सञ्चालनमा आएपछि दुर्गम क्षेत्रका बासिन्दाले दैनिक आवागमन, कृषि तथा व्यापारिक गतिविधि, खाद्यान्न ढुवानी, स्वास्थ्य सेवा र शैक्षिक पहुँचमा ठूलो सहजता पाउनाका साथै यसले स्थानीय जनजीवनलाई प्रत्यक्ष रूपमा परिवर्तन गर्ने विश्वास लिइएको छ।

सैनिक प्रवक्ता बस्नेतले भन्नुभयो, "कडा भू-बनोट र पहाडी चट्टानबीच सडक निर्माण गर्दा विभिन्न प्राविधिक र प्राकृतिक चुनौती आए पनि यस सडकले राष्ट्रको रणनीतिक सुरक्षामा दीर्घकालीन भूमिका खेल्नेछ।" उहाँका अनुसार सीमा क्षेत्रमा सहज आवागमनका साथै आपत्कालीन सेवा, प्राकृतिक विपद् व्यवस्थापन, राहत सामग्री ढुवानी तथा सुरक्षात्मक गतिविधिमा समेत सडक अत्यन्तै उपयोगी हुनेछ। च्याम्ताङ-घोङघप्पा खण्डमा नेपाली सेनाले 'एक्सप्लोसिभ' प्रयोग गरी ब्लाष्टिङमार्फत होल खोप्ने, विस्फोट गर्ने, ढुङ्गा हटाउने र त्यसपछि ट्र्याक मिलाउने कार्य गर्दै आएको छ। भिरालो पहाड, ठूला ढुङ्गा र निरन्तर ढुङ्गा, माटो झर्ने जोखिमबीच भारी मेसिनरी प्रयोग गरी सडकको आधार तयार पारिँदै आएको सेनाले जनाएको छ।

सडक निर्माण कार्यमा स्थानीय जनशक्तिको सहभागिता सुनिश्चित गरिएको छ। यसले दुर्गम भेगका बासिन्दालाई रोजगारीको अवसर प्रदान गर्नाका साथै सडक निर्माणसम्बन्धी प्राविधिक ज्ञान, सीप र अनुभव विकास गर्न समेत सहयोग पुगेको छ। सडक निर्माणले स्थानीय पर्यटन प्रवर्द्धन, कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउने, व्यापारिक गतिविधि विस्तार गर्ने र क्षेत्रीय आर्थिक चलायमानता बढाउन सहयोग पुग्नेछ। सडक पूर्ण रूपमा स्तरोन्नति भई सञ्चालनमा आएपछि स्थानीय तथा क्षेत्रीय विकासमा ठूलो योगदान पुग्ने विश्वास गरिएको छ।

निर्माण कार्य सम्पन्न भएपछि नेपाली सेनाले आवश्यक समन्वय गर्दै उक्त सडकलाई सडक विभागलगायत सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने जनाएको छ। कोशी करिडोरअन्तर्गत उत्तर-दक्षिण राजमार्गका रूपमा विकास हुने यो सडकले चीन र भारतसँगको भौतिक सम्पर्क मजबुत बनाउने भएकाले यसको रणनीतिक, आर्थिक र सामाजिक महत्व अझ बढ्नेछ। कडा श्रम, जोखिमबीच निर्माण भइरहेको च्याम्ताङ-घोङघप्पा सडकले सङ्खुवासभाको दुर्गम पहाडी भेगमा विकासको ढोका खोल्ने अपेक्षा गरिएको छ।

दुर्गम पहाडी भू-भाग, भिरालो भू-भाग र कडा चट्टानको कारण सामान्य सिभिल निर्माण पद्धतिले सडक निर्माण गर्न सम्भव छैन। नेपाली सेनाले निर्माण कार्य नगरेको भए च्याम्ताङ-घोङघप्पा सडकको ट्र्याक खोल्न नै असम्भव हुने स्थानीयवासी बताउँछन्। स्थानीय नोर्वु लामाले भन्नुभयो, "निर्माण भइरहेको सडक अत्यन्तै अप्ठेरो छ। जुन चट्टान नै चट्टान मात्र छ त्यो पनि सामान्य चट्टान होइनन्, कठिन र जटिल संरचनाका छन्, जसमा सडक बनाउनु सहज छैन।"

नेपाली सेनाले आफ्नो अनुभव, प्राविधिक क्षमता प्रयोग गर्दै निर्धारित लक्ष्यअनुसार काम गरिरहेको छ। सेनाको मिहेनत, व्यवस्थित कार्यप्रणाली र दक्षताका कारण मात्र यो दुर्गम भू-भागमा सडक निर्माण सम्भव भएको उहाँले बताउनुभयो। यसले स्थानीय जनताको आवागमन सहज बनाउने मात्र होइन, व्यापार, कृषि र दैनिक जीवनमा समेत प्रत्यक्ष योगदान पुऱ्याउनेछ।

सङ्खुवासभाको दुर्गम पहाडी भू-भागमा निर्माण भइरहेको च्याम्ताङ-घोङघप्पा सडकको भौगोलिक चुनौती अत्यन्तै जटिल रहेको प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले बताउनुभयो। सडकखण्डको ढाँचामा सामान्य ब्लाष्टिङ पर्याप्त नहुँदा कतिपय स्थानमा डबल ब्लाष्टिङ गरी ढुङ्गा र माटो हटाएर ट्र्याक तयार गर्नुपर्ने भएकाले निर्माण कार्य थप चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ। यो सडक भू-भागको हिसाबले अत्यन्त जोखिमयुक्त मानिन्छ। कठिन परिस्थितिका बाबजुद पनि नेपाली सेनाले

*बाँकी तीन पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

## डिभिजन वन कार्यालय, ससरी

### गोलिया काठ दाउरा शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/१०/०७**

ससरी जिल्ला स्थित कल्याणपुर-गाईघाट सडक खण्डको राष्ट्रिय वन तर्फको कटान मुछान भई सव डिभिजन वन कार्यालय कल्याणपुर कम्पाउण्ड घाटगद्दीमा रहेको तपसिल वमोजिमको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक फर्म संस्थाले यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ (पन्द्रह) औं दिन सम्म यस कार्यालयबाट बोलपत्र फारम खरिद गरि १६ औं दिनको १२:०० वजे सम्म शिलवन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

तपसिल १) वन पैदावारको विवरण तपसिल तपसिल

| क्र. स. | लट नं. | वन पैदावारको विवरण | | | | | संकलन खर्च सहितको न्यूनतम मूल्य | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | जात | ग्रेड | थान | क्यु.फी. | दाउरा चट्टा | | |
| १ | १ | खयर | - | १९३ | ८९.८९ | ० | १०६६६८ | राष्ट्रिय वन |
| २ | १ | साल | C | ७ | १८.२१ | | १४३२५ | |
| ३ | १ | साल | D | १७ | २८.४६ | | १३८५० | |
| ४ | १ | कर्मा | C | २ | ५.३४ | | १५३१ | |
| ५ | १ | सिमल | - | ७ | ५८.२४ | | १९६०६ | |
| ६ | १ | असना, | B | ११ | ९०.८९ | | ४४२३१ | |
| ७ | १ | असना | C | १६ | ६५.४६ | | १८७६४ | |
| ७ | | अन्य | - | ५९ | ३३७.४६ | | ९६७३० | |
| जम्मा | | | | ३१२ | ६९३.९५ | ० | ३१५,७०५/- | |

# अन्तरिम सरकारका चार मन्त्री चुनावी मैदानमा

काठमाडौँ, ६ माघ (रासस)।

निर्वाचन गराउने प्रमुख जिम्मेवारीसहित गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका चार मन्त्री आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिनुभएको छ। आगामी फागुन २१ गते हुने निर्वाचनका लागि मन्त्री पदबाट राजीनामा दिएर उहाँहरू उम्मेदवार बन्नुभएको हो।

हालसम्म प्राप्त जानकारीअनुसार अन्तरिम सरकारका ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङ, युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र शिक्षा विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन निर्वाचनमा उम्मेदवार बन्दै हुनुहुन्छ।

यसअघि उहाँहरूले वर्तमान सरकारको स्वतन्त्र पहिचानमा आँच आउन नदिन दलीय राजनीतिको मैदानमा छिर्नु अघि पदबाट राजीनामा दिने घोषणा गर्नुभएको थियो।

मन्त्री पदबाट राजीनामा दिएपछि ऊर्जामन्त्री घिसिङले आफ्नै नेतृत्वमा उज्यालो नेपाल पार्टी गठन गर्नुभएको छ। उहाँ त्यसअघि नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हुनुहुन्थ्यो। घिसिङ काठमाडौँ निर्वाचन क्षेत्र नं ३ बाट उम्मेदवार बन्नुभएको उज्यालो पार्टीका प्रवक्ता डा राजु थापाले राससलाई जानकारी दिनुभयो।

युवा तथा खेलकुदमन्त्री गुप्ता जेनजी आन्दोलनका अगुवा तथा सामाजिक अभियन्ताका रूपमा परिचित हुनुहुन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सिरहा निर्वाचन क्षेत्र नं १ बाट आफूले उम्मेदवारी दिन लागेको गुप्ताले राससलाई जानकारी दिनुभयो।

पूर्वसञ्चारमन्त्री खरेल दुई दशक बढी समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो। मन्त्री बन्नुअघि उहाँले इमेज टेलिभिजनको सम्पादकीय नेतृत्व सम्हाल्नुएको थियो। खरेललाई राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डिपी अर्यालले मंगलबारै पार्टी आबद्धताको प्रतीक चिह्न प्रदान गर्नुभएको छ। उहाँले अपराह्न ३ बजे ललितपुर निर्वाचन क्षेत्र नं २ को निर्वाचन कार्यालय पुगेर उम्मेदवारी दर्ता गर्ने कार्यक्रम रहेको सो पार्टीले जनाएको छ।

यस्तै पूर्वशिक्षामन्त्री तथा राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक एवं वैज्ञानिक पुनले भने मंगलबारै म्याग्दी निर्वाचन क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवारी दिइसक्नुभएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ मंगलबार मुलुकभरका १६५ वटै निर्वाचन क्षेत्रमै उम्मेदवारको मनोनयन दर्ता हुँदैछ।

## रणनीतिक महत्वको ...

निर्माण कार्य निरन्तर जारी राखेको छ। सामान्य सिभिल इन्जिनियरले डिजाइन गर्न नसक्ने जटिल भू-भाग भएकाले सेनाले आफ्नै प्राविधिक क्षमता प्रयोग गर्दै निर्माण गरिरहेको छ। उहाँले भन्नुभयो, "जुन हामी सबैका लागि गर्वको विषय हो। भौगोलिक चुनौतीका कारण सडक स्टेबल हुन केही समय भने लाग्छ।"

निर्माणसम्पन्न भएपछि यस सडकले खाँदबारीदेखि किमाथाङ्का सडकखण्डमा पर्ने तीन पालिका जसमा चिचिला गाउँपालिका, मकालु गाउँपालिका र भोटखोला गाउँपालिकालाई सिधा जोड्ने भएकाले स्थानीय जनताको आवागमन अत्यन्त सहज हुने प्रमुख जिल्ला अधिकारी थपलियाले बताउनुभयो। साथै, दुर्गम क्षेत्रका नागरिकले दैनिक जीवन, कृषि, व्यापार र स्वास्थ्य शिक्षासम्बन्धी सेवामा पहुँच विस्तार गर्ने सहयोग पुग्ने उहाँको भनाइ छ। यो सडकले स्थानीय आवागमन सहज बनाउनाका साथै नजिकका सदरमुकाम, अन्य गाउँपालिका र आर्थिक केन्द्रसँग पनि प्रत्यक्ष सम्पर्क स्थापित गर्ने भएकाले क्षेत्रीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ। सडक निर्माण पूरा भएपछि यसले व्यापार, सेवा-सुविधा र सामाजिक विकासमा समेत ठूलो प्रभाव पार्नेछ।

नेपाली सेनाले निर्माण गरिरहेको सडक सम्पन्न भएपछि यस सडकसँग जोडिएका अगाडि-पछाडिका खण्डलाई निजी कम्पनीहरूले ठेक्का लिएर निर्माण गरिरहेका छन्। ती कामलाई सहज बनाउने र 'ब्रेक थ्रू' गर्न थप सहयोग पुग्ने प्रमुख थपलियाको भनाइ छ। यसरी च्याम्ताङ-घोङघप्पा सडकले केवल आवागमनको मार्ग मात्र नभई दुर्गम सङ्खुवासभामा विकास, सुरक्षा र समग्र भौगोलिक पहुँचको नयाँ ढोका खोल्नेछ। कडा भू-बनोट, भिरालो पहाड र जोखिमपूर्ण चट्टानी संरचनाबीच निर्माण भइरहेको यस सडक परियोजना नेपाली सेनाको उदाहरणीय काममध्ये एक बनेको छ। निर्माणसम्पन्न भएपछि यो सडक क्षेत्रीय आवागमन, व्यापारिक गतिविधि र स्थानीय जनताको जीवनस्तर सुधारमा दीर्घकालीन योगदान पुऱ्याउने विश्वास गरिएको छ।

## विश्व समाचार

### आसियानले म्यान्मा चुनावलाई मान्यता दिंदैन

क्वालालम्पुर, ६ माघ (रासस/एपी)।

दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) ले म्यान्मामा सैन्य शासित सरकारअन्तर्गत भएको चुनावलाई समर्थन नगर्ने निर्णय गरेको मलेसियाका विदेशमन्त्री मोहम्मद हसनले मङ्गलबार बताउनुभएको छ। उहाँले यस निर्णयको कारण स्वच्छ, समावेशी र स्वतन्त्र सहभागिताको कमी रहेको बताउनुभयो।

फेब्रुअरी २०२१ मा सेनाले आङ सान सुकीको नागरिक सरकारलाई अपदस्थ गरेपछि यस महिनाको सुरुमा भएको दोस्रो चरणको मतदानपछि म्यान्माको सेना समर्थित राजनीतिक दल संसदीय बहुमततर्फ अगाडि बढेको देखिन्छ। यस अधिग्रहणले व्यापक विरोध र गृहयुद्धमा परिणत हुने अवस्था सिर्जना गरेको छ। मानव अधिकार समूह र विपक्षीहरूले चुनाव स्वतन्त्र र निष्पक्ष नभएको र सेनाले आफ्नो शासन वैधानिक बनाउन प्रयास गरेको बताएका छन्।

विदेशमन्त्री हसनले आवश्यक शर्तहरू पूरा नभएको भन्दै अक्टोबरको शिखर सम्मेलनमा आसियानले म्यान्मामा पर्यवेक्षक पठाउने निर्णय नगरेको बताउनुभयो। यद्यपि, केही सदस्य राष्ट्रले व्यक्तिगत रूपमा त्यहाँ पर्यवेक्षण गर्ने निर्णय गरेका थिए। म्यान्माको सूचना मन्त्रालयले गत महिना कम्बोडिया र भियतनामले पर्यवेक्षक पठाएको जानकारी दिएको थियो।

हसनले भन्नुभयो, "चुनाव चरणबद्ध वा केही उम्मेद्वारलाई प्रतिबन्धित गर्ने सर्तहरूमा हुनुको सट्टा, व्यापक र स्वतन्त्र सहभागिता हुनुपर्दछ। हामीले पर्यवेक्षकहरू पठाएनौँ र त्यसैले चुनावलाई प्रमाणित गर्दैनौँ।"

आसियानले म्यान्माको सैन्य सरकारलाई हिंसा अन्त्य गर्न, मानवीय पहुँच सुनिश्चित गर्न र सबै पक्षसँग समावेशी संवाद सुरु गर्न बारम्बार आग्रह गरेको छ। ब्लकले म्यान्माका सैन्य नेताहरूलाई शिखर सम्मेलनमा भाग लिनबाट पनि निलम्बन गरेको छ। यसै महिना राष्ट्रिय र क्षेत्रीय विधानसभाका सबै सिटको अन्तिम नतिजा घोषणा हुने अपेक्षा गरिएको छ।


## Mahadeva Rural Municipality
## Bathanaha, Saptari

### Invitation for Seald-Quotation

**Date of Publication : 2082/10/07**

1. Mahadeva Rural Municipality, Bathanaha, Saptari invites Seald-Quotation from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S.N. | Contract No. | Description of Work | Total Estimated Amount without VAT (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document NRs | Bid Purchase Deadline | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MRM/SQ/WORKS/2082-2083/03 | Ramjanki Mandirko adhuro samudayik bhavan ko karya | 1744950.04 | 50,000 | 1,000.00 | 2082/10/21 Office Hours | 2082/10/22 12:00 pm | 2081/09/17 1:00 pm |
| 2. | MRM/SQ/WORKS/2082-2083/04 | Mahadeva wada no-6 antargat sinchaiko lagi boring jaddan. | 1287014.66 | 40,000 | 1,000.00 | 2082/10/21 Office Hours | 2082/10/22 12:00 pm | |

2. Bidders shall purchase the bidding documents and submit their bid ( hard copy) to the office of Mahadeva Rural municipality Bathanaha, Saptari within time. Bids received after the deadline will be rejected. Bidders, submitting their bid (hard copy) should deposit the cost (as specified above) of bidding document in the project's Rajaswa (revenue) account as specified below and submit the Bank deposit voucher at the time of submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : NIC ASIA, Mahadeva Branch, Saptari
   Name of Office : Mahadeva Rural Municipality, Bathanaha, Saptari
   Rajaswa Khata No. (Revenue Account) : 2362050028779002
   Office Code No. (Mahadeva Rural Municipality, Bathanaha, Saptari) : 80215508300
   Revenue Topic No. : 14229
   Security Deposit (Dharauti Khata) No. : N6CA000504952405
3. Bidders must submit their bid with updated Firm Registration, VAT/PAN certificate, Updated Tax clearance certificate. otherwise bid shall be non responsive. Eligible Bidders may obtain further information at Mahadeva Rural municipality Bathanaha, Saptari.

**Office Chief**

# खाद्य सुरक्षामा युवाको भूमिका विषयक विमर्श कार्यक्रम सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

राष्ट्रिय युवा परिषद् संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनको सहकार्यमा खाद्य सुरक्षामा युवाको भूमिका विषयक विमर्श कार्यक्रम मंगलबार राजविराजमा सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविनले युवालाई सीप, स्वरोजगारको क्षेत्रमा नगरले कार्यक्रमहरु संचालन गरेका छौं तर सोचेकै उपलब्धी हासिल गर्न नसकेको बताएकी छिन् ।

"आत्म निर्भरतामा युवा ,महिलाहरूको हौसला बढेको छ तर स्थानीय सरकारसँग रहेका थोरै बजेटबाट यो सम्भव हुँदैन् ।" उनले भनिन्, "तीनै तहको सरकारले सहकार्य गरेर राम्रो उपलब्धी लिन सकिन्छ ।"

विभिन्न क्षेत्रको सप्तरीका सय जना युवासँग खाद्य सुरक्षा विषयक छलफल कार्यक्रममा विज्ञ एवम् खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका पूर्व महानिर्देशक उपेन्द्र रायले हाम्रो खानपान र दैनिक व्यवहारमा अप्रत्यासित परिवर्तन र खान नजानेर नेपालीहरू खाद्य सुरक्षा संकटमा पर्ने गरेको बताए ।

राष्ट्रिय युवा परिषद्का प्रमुख प्रशासकिय अधिकृत गेहनाथ गौतमले भने खाद्य सुरक्षा जस्ता महत्पूर्ण विषयमा राष्ट्रिय युवा परिषद्ले कार्यहरु गर्दै आएको जानकारी दिए । खाद्य सुरक्षा संकटबाट जोगाउने सरकारका प्रयास भएर पनि प्रयाप्त उपलब्धी नभएकोले यो विषयमा युवाहरू जुट्नुपर्ने राष्ट्रिय युवा परिषद्का सदस्य ललिता साहले बताइन् ।

कार्यक्रममा मधेश कृषि विश्व विद्यालयको रजिष्टार डाक्टर भगवान ठाकुरले समग्र राष्ट्को खाद्य सुरक्षामा १९ प्रतिशत योगदान मधेश प्रदेशको रहेको तथ्याङले देखाएको बताए । ६५ प्रतिशत खेती योग्य भूमि रहेको मधेशमा कृषिको भूमिकालाई थप उजागर गर्नुपर्ने उनको भनाई छ ।

उनले भने, "कृषि, अनुसन्धान, प्रसारमा ध्यान दिनुपर्ने हुन्छ । कृषि उत्पादनलाई विविधि कारणले युथ इनगेजमेन्ट र वस्तुको मूल्यांकन बढाउछ ।"

व्यवसायीक कृषि लर्निङ्ग एण्ड अर्निङ्ग, घरेलु चेन, बजारीकरणमा युवालाई जोड्न आवश्यक रहेको रजिष्टार ठाकुरको कथन रहेको छ । कृषिमा आधारित स्टार्टअप व्यवसायहरू गर्न खोजे पनि अनेकौं चुनौतीहरू रहँदै आएको छलफलमा सहभागी युवा व्यवसायीहरुले बताए ।

# रिक्त मन्त्रालयहरूको कार्यभार प्रधानमन्त्रीले सम्हाल्नु हुने

काठमाडौँ, ६ माघ (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले तीन जना मन्त्रीले पदबाट राजनीमा दिनुभएपछि रिक्त भएका ती मन्त्रालयको कार्यभार प्रधानमन्त्री सुशीला कार्कीले सम्हाल्ने गरी तोक्नुभएको छ ।

प्रधानमन्त्रीसमक्ष शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले पदबाट राजीनामा दिनुभएकाले उहाँहरूले सम्हाली आउनुभएका मन्त्रालयको कार्यभार प्रधानमन्त्री कार्कीले नै सम्हाल्ने गरी तोक्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

# बालिका हत्याका फरार प्रतिवादी १९ वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ६ माघ ।**

उन्नाइस वर्षअघि एक बालिकाको घाँटी थिची हत्या गरी फरार रहेका प्रतिवादीलाई सिरहा प्रहरीले पक्राउ गरेको छ ।

विसं २०६३ मा भएको उक्त जघन्य अपराधमा संलग्न रहेको आरोपमा कल्याणपुर नगरपालिका-१२ का ४९ वर्षीय उतिम मुखियालाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचन अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार २०६३ साल मंसिर १३ गते साविक बेलहा गाउँ विकास समिति वडा नं ७ (हाल कल्याणपुर नगरपालिका) की १६ वर्षीया एक बालिका मृतावस्थामा फेलापरेकी थिइन् ।

अनुसन्धानका क्रममा सोही ठाउँका उतिम मुखियाले ती बालिकालाई प्रेम प्रस्ताव राखेको र बालिकाले प्रस्ताव अस्वीकार गरेपछि आक्रोशमा आई सल र हातले घाँटी थिची हत्या गरेको खुल्न आएको छ ।

प्रहरीका अनुसार हत्यापछि फरार भएका मुखिया लामो समयसम्म भारतका विभिन्न स्थानमा लुकीछिपी बस्दै आएका थिए । हाल उनी आफ्नै घरमा आएर लुकेर बसेको गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको विशेष टोलीले उनलाई माघ ३ गते पक्राउ गरेको हो ।

पक्राउ परेका मुखियालाई सिरहा जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पिएम कप जिल्ला छनोटमा राजदेबी बिजयी

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**



राजविराजमा संचालित प्रधानमन्त्री कप जिल्ला स्तरिय छनोट क्रिकेट प्रतियोगिताको मंगलबारको खेलमा राजदेबी क्रिकेट टिम बिजयी भएको छ ।

मंगलवार स्थानिय पविमाविको खेलमैदानमा लोहजरा बिरूद्व राजदेवीका रौनक सिहले १ सय ३४ रनको नटआउट पारी खेलेपछि राजदेबीले लोहजरालाई ७० रनले पराजित गरेको छ ।

टस जितेर राजदेबीले निर्धारित ५० ओभरमा ९ बिकेट गुमाएर ३ सय ३८ रनको विशाल योगफल खडा गरेको थियो । जसमा रौनक सिंहले १ सय ३४ रन, मनोज कुमार यादव ३३, सुशान्त देव ३०, तौसिफ आलम १९, सन्दिप यादव १७ रन बनाएका थिए । बलिङतर्फ लोहजराका सुदिप खत्री ४, तिर्थ नारायण मण्डल र सचिन यादवले समान्य २/२ बिकेट लिएका थिए ।

प्रतिउत्तरमा लोहजराले ४२ ओभर २ बलमा सबै बिकेट गुमाएर २ सय ६८ रन मात्र बनाउन सफल भयो । जसमा अभिषेक कार्कीले १ सय १०, बसन्त यादबले ८१ तथा रोहन बिकले १८ रन बनाए । बलिङतर्फ राजदेबीका सुशान्त देवले ४, अभिषेक मण्डल २, सन्दिप यादव, प्रियान्सु कर्ण, सागर यादबले १/१ बिकेट लिएका थिए ।

# चार पूर्वप्रधानमन्त्री चुनावी मैदानमा

काठमाडौँ, ६ माघ (रासस) ।

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चार पूर्वप्रधानमन्त्री चुनावी मैदानमा उत्रनुभएको छ ।

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली झापा निर्वाचन क्षेत्र नं ५ बाट उम्मेदवार बन्दै हुनुहुन्छ । त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' रुकुम पूर्व निर्वाचन क्षेत्र नं १ र सोही पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले रौतहट निर्वाचन क्षेत्र नं १ बाट उम्मेदवारी दिने तयारी गर्नुभएको छ ।

प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई गोरखा निर्वाचन क्षेत्र नं २ बाट उम्मेदवार बन्ने हुनुभएको छ ।

यसअघि २०७९ को आमनिर्वाचनमा एमाले अध्यक्ष ओली झापा-५, नेकपाका संयोजक दाहाल गोरखा-२, सहसंयोजक नेपाल रौतहट-१ बाट निर्वाचित हुनुभएको थियो । सो निर्वाचनमा पूर्वप्रधानमन्त्री डा भट्टराईले नेकपाका संयोजक दाहाललाई सहयोग गर्नुभएको थियो ।

विसं २०४८ सालको निर्वाचनपछि लगातार डडेल्धुराबाट निर्वाचित हुँदै आउनुभएका नेपाली कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा भने यसपटकको निर्वाचनमा उम्मेदवार हुनुभएन । पार्टीको विशेष महाधिवेशनका विषयमा उत्पन्न परिस्थितिका कारण उहाँ यसपटक चुनावी मैदानबाट बाहिरिनुभएको हो ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने ( प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ मंगलबार मुलुकभरका १६५ वटै निर्वाचन क्षेत्रमै उम्मेदवारको मनोनयन दर्ता हुँदैछ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज**

मिति :-२०८२/०९/२९

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ५१ राम लाल माझीको नाममा कायम रहेका साविक प्रगन्ना मालझमुना मौजे भंगहा सा.कि.नं. २२९ ज.वि. ०-१०-५ जग्गा सत्य नारायण चौधरीको नाममा ७ नं. फाटवारीमा जि.स. पं. भंगहा सा.कि.नं. २२९ ज.वि. ०-१०-५ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. बसबलपुर वार्ड नं.९ हाल शम्भुनाथ न.पा. वडा नं. ८ बस्ने बिन्दु ठाकुरको छोरा भगवानी ठाकुर-१ , ऐ. बस्ने रेशम लाल ठाकुरको छोरा बौबा लाल ठाकुर-१, ऐ. गा.वि.स. रामपुर जमुवा वार्ड नं. ९ हाल शम्भुनाथ न.पा. वाड नं. १० बस्ने उतिम लाल गडेरीको छोरा राज लाल गडेरी-१, ऐ. गा.वि.स. मानराजा वार्ड नं. ६ हाल शम्भुनाथ न.पा. वडा नं. ६ बस्ने शिव कुमार सदाको पत्नी ठेबकी देवी सदा-१, ऐ. गा.वि.स. भंगहा वार्ड नं. ३ हाल शम्भुनाथ न.पा. वाड नं. ८ बस्ने अधिक लाल चौधरीको पत्नी शिब दुलारी देवी चौधरी-१ समेत ५ र शम्भुनाथ न.पा. ७ नं. वडा कार्यालयको संरक्षणमा एउटा प्लट रहेको भनि यस कार्यालयमा द.नं. ६१०१ मिति २०८२/०८/२४ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८२/०९/२९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २२९ | रामलाल माझी | भंगहा | ६ | ११ | ०-१४-८ मध्ये पश्चिम तर्फबाट ०-३-१८ | बौबालाल ठाकुर, भगवानी ठाकुर, ठेबकी देवी सदा, शिव दुलारी देवी चौधरी, राजलाल गडेरी, शम्भुनाथ न.पा. ७ नं. वडा कार्यालय | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महल खाली रहेको। |

**राजविराज नगरपालिका**
**७ नं. वडा कार्यालय**

पत्र संख्या:-२०८२/०८३
च.नं. ६३९

मिति:-.२०८२/१०/०६

**राजविराज नगरपालिका**

**०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना**

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं ०१ हाल राजविराज नगरपालिका वडा नं.०७ बस्ने स्व भुवनेश्वर प्रसाद गुप्ताको बुहारी स्व. चन्द्र किशोर प्रसाद गुप्ताको पत्नी शोभा देवी गुप्ताले यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो पती स्व.चन्द्र किशोर प्रसाद गुप्ता को मिति २०८१/०७/०४ गते आफनै कालगतीले स्वर्गवास भएको हुनाले निजको म एक मात्र धर्म पत्नी शोभा देवी गुप्ता भएकोले मेरो पती स्व. चन्द्र किशोर प्रसाद गुप्ताको नाउँमा कायम रहेको तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी पाँउ भनी मिति २०८२।१०।०६ गते मा दं. नं. ५६५ मा निवेदन दिएको हुँदा सो सम्बन्धमा उक्त जग्गामा निबेदीका वाहेक अरु कोही कसैको हक दाबी, हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफनो सबुत प्रमाण सहित लिई यस वडा कार्यालयमा उजूरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारीको लागी अनुरोध छ ।

**तपसिल**

स्व. चन्द्र किशोर प्रसाद गुप्ता को नाउँमा दर्ता कायम रहेको जग्गा

| सि.न | जिल्ला | गा.बि.स./न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | मलेठ | ०८ | ८७३ | ०-०-१४ | |

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*